# नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.

बत्तिसपुतली, काठमाण्डौ

## कर्जा लगानी तथा असूली आन्तरिक कार्यविधि-२०७९

## (प्रथम संशोधन-२०८२)

# नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**बत्तिसपुतली, काठमाण्डौ**

**कर्जा लगानी तथा असूली कार्यविधी-२०७९**

**प्रस्तावना :-**

संस्थामा आवद्ध सदस्यहरुलाई संस्थाबाट सहुलियत ब्याजदरमा सरल तरिकाले कर्जा प्रदान गर्न तथा लगानी भएका कर्जाहरुको नियमित अनुगमन तथा नियमन गरि कर्जाको गुणस्तर कायम राख्न सहकारी ऐन २०७४ को दफा २८, वागमति प्रदेश सहकारी ऐन २०७६ को दफा २४ तथा संस्थाको विनियम २०७६ को दफा ८० बमोजिम यो **'कर्जा लगानी तथा असूली कार्यविधी-२०७९' प्रथम संशोधन मस्यौदा** तर्जुमा गरिएको छ ।

**परिच्छेद - १**

**प्रारम्भ र परिभाषा**

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "**नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि**. को कर्जा लगानी तथा असूली कार्यविधि २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा :-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **'ऐन'** भन्नाले सहकारी ऐन २०७४ लाई जनाउने छ साथै प्रदेश र स्थानिय तहले जारी गरेको सहकारी ऐनलाई समेत जनाउनेछ ।

(ख) **'नियमावली'** भन्नाले सहकारी नियमावली २०७५ लाई जनाउने छ साथै प्रदेश र स्थानिय तहले जारी गरेको सहकारी नियमावली समेत जनाउनेछ ।

(ग) **'विनियम'** भन्नाले **नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि**.को विनियम २०७६ लाई जनाउनेछ ।

(घ) **'कार्यविधी'** भन्नाले संस्थाको "कर्जा लगानी तथा असूली कार्यविधी-२०७९" लाई जनाउने छ ।

(ङ) **'संस्था'** भन्नाले **नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था** लिमिटेडलाई जनाउनेछ ।

(च) **'समिति'** भन्नाले संस्थाको सञ्चालक समिति सम्झनु पर्दछ ।

(छ) **'उप-समिति'** भन्नाले संस्थाको विनियम अनुसार सञ्चालक समितिद्वारा गठित ऋण उपसमिति सम्झनु पर्दछ ।

(ज) **'सदस्य'** भन्नाले संस्थाले तोकेको न्यूनतम कित्ता शेयर खरीद गरेका संस्थाका शेयर सदस्यहरुलाई जनाउनेछ ।

(झ) **'सञ्चालक'** भन्नाले संस्थाको संचालक समितिका पदाधिकारी लगायतका सदस्यहरु समेतलाई जनाउने छ ।

(ञ) **"व्यवस्थापक"** भन्नाले संस्थाको व्यवस्थापक लाई सम्झनुपर्दछ । सो शब्दले महाप्रवन्धक वा प्रमुख कार्यकारी अधिकृत वा सहमहाप्रवन्धक वा शाखा प्रवन्धक वा ऋण व्यवस्थापक लाई समेत जनाउँदछ ।

(ट) **'अचल सम्पत्ति'** भन्नाले घर तथा जग्गालाई जनाउनेछ ।

(ठ) **'समूह'** भन्नाले संस्थामा आवद्ध सदस्यहरुको समूहहरु लाई जनाउनेछ ।

(ड) **'ऋण'** भन्नाले सदस्यहरुको निश्चित उद्देश्य एवम् आवश्यकता पुरा गर्न निश्चित समय भित्र एकमुष्ठ वा पटक पटक गरी व्याज सहित फिर्ता गर्ने सर्तमा सदस्यलाई लगानी गरिएको रकमलाई जनाउनेछ ।

(ढ) **'किस्ता'** भन्नाले सदस्यलाई ऋण लगानी गर्दा लगानी गरिएको ऋण रकम दुई वा दुई भन्दा बढी पटकमा भुक्तानी तालिका अनुसार फिर्ता गर्ने गरी तोकिएको रकमलाई जनाउने छ

(ण) **'व्याज'** भन्नाले सदस्यहरुलाई लगानी गरिएको ऋणको क्षतिपूर्ति वापत तोकिएको निश्चित दरमा थप गरी ऋण लिने सदस्यले संस्थामा बुझाउनुपर्ने रकमलाई जनाउने छ ।

(त) **'ग्रेस अवधि'** भन्नाले उत्पादनमुलक क्षेत्रमा लगानी गरेको ऋण रकमलाई व्यवसायबाट प्रतिफल प्राप्त नहुँदासम्मका लागि ऋण लगानी र पहिलो किस्ता विचको समय अवधिलाई सम्झनु पर्दछ ।

(थ) **'धितो'** भन्नाले संस्थाले सदस्यबाट ऋण लगानीको सुरक्षणको लागी लिएको चल/अचल सम्पत्तीलाई सम्झनु पर्दछ ।

(द) **'समुह जमानी'** भन्नाले संस्थाको लघुवित्त कार्यक्रममा आवद्ध सदस्यहरुले आफ्नो समुहबाट ऋण लिने सदस्यले तिर्न बुझाउन नसकेमा सामुहिकरुपमा तिर्न बुझाउन मञ्जुर भई गरिदिएको कागजातलाई सम्झनु पर्दछ ।

(ध) **'जमानी'** भन्नाले ऋणी सदस्यले समयमा ऋण भुक्तानी नगरेमा उक्त ऋणको भुक्तानीको जिम्मेवारी लिई कागज गर्ने व्यक्तिलाई जनाउनेछ ।

(न) **'साक्षी'** भन्नाले ऋणी सदस्यले ऋण रकम बुझिलिएको हो भनि लिखित सहिक्षाप गर्ने व्यक्तिलाई जनाउने छ ।

(प) **'मन्जुरीनामा'** भन्नाले आफ्नो हकलाग्ने चल अचल सम्पतीलाई प्रयोग गर्न अधिकार प्रत्यायोजन गर्ने कागजातलाई जनाउनेछ ।

(फ) **'परिवार'** भन्नाले मानो नछुटाइ एउटै भान्सा प्रयोग गरी बसेका परिवारका सदस्यहरुलाई जनाउने छ ।

## परिच्छेद २
## उद्धेश्य तथा योग्यता

३. **कार्यविधिको उद्धेश्य :**

क) संस्थामा प्राप्त हुने ऋण निवेदनहरुलाई संस्थाको कर्जा लगानी तथा असूली कार्यविधि अनुरुप विश्लेषण गरी सुरक्षित लगानी गर्ने ।

ख) सदस्यहरुको परिवर्तित आवश्यकताका आधारमा आकर्षक ऋण सेवाको विकास गर्ने ।

ग) वित्तिय बजारमा प्रतिस्पर्धात्मक एवं सहुलियत ब्याजदरमा ऋण सेवा प्रवाह गर्ने ।

घ) ऋणलाई क्षमताका आधारमा उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने ।

ङ) लगानीमा रहेको ऋणको सदुपयोगीता लगायतको अनुगमनलाई व्यवस्थित गर्ने ।

च) संस्थाको वित्तिय स्वस्थताका लागि लगानीमा रहेको ऋणको प्रभावकारी असुली गर्ने ।

४. **ऋण लिने योग्यता :**

(क) सहकारी ऐन/कानुन, नीति, सहकारी मापदण्ड, संस्थाको विनियम तथा ऋण संग सम्बन्धित नितीहरु र अन्य सम्बन्धित ऐन, नियमहरु परिपालना गर्न तत्पर हुनुपर्ने ।

(ख) संस्थाले तोकेको प्रकृया र मापदण्ड पुरा गरी शेयर सदस्य भएको हुनुपर्ने ।

(ग) संस्थामा मासिक नियमित बचत गरेको हुनु पर्नेछ ।

(घ) संस्थाको सदस्यता प्राप्त गरेको कम्तीमा तीन महिना पुरा भएको हुनुपर्ने ।

(ङ) नेपाली नागरीकता लिई ७० वर्ष उमेर ननाघेको हुनुपर्ने । संस्थाको कार्यक्षेत्रमा बसोवास गरेको हुनुपर्नेछ । संस्थामा रहेको आवधिक बचत रसिद धितो कर्जाको हकम यो नियम लागु हुनेछैन ।

(च) ऋण मागकर्ता सदस्यले संस्थाबाट यस अघि कुनै प्रकारको ऋण लिएको भए सोको साँवा ब्याज चुक्ता नगरि सोहि प्रकृतिको थप कर्जा प्रवाह गरिनेछैन । तर मुल्यवृद्धि, प्राकृतिक विपत्ति, तरलता अवस्था जस्ता बाह्य कारणले ऋणीले शुरु गरेको परियोजना सम्पन्न गर्न रकम नपुग भएर ऋण माग गरेमा सोको औचित्य र कारण हेरी त्यस्ता ऋणीलाई थप ऋण प्रदान गर्न बाधा पर्नेछैन । यस्तो अवस्थामा जति नै ऋण रकम भए पनि संचालक समितिको निर्णय अनिवार्य हुनेछ ।

## परिच्छेद ३

## ऋणका प्रकार, अवधि, असुली विधि र हर्जना सम्बन्धमा

५. **ऋणका प्रकारहरुः**

**क) उत्पादनमूलक ऋण** : ऋणी सदस्यले आय आर्जन गर्न तथा स्वरोजगार बन्नका लागी प्रयोग गर्ने ऋणलाई उत्पादनमुलक ऋण भनिन्छ । संस्थाले निम्न शिर्षकमा उत्पादनमुलक ऋण प्रदान गर्नेछ ।

**१. सदस्य सहुलियत कर्जा**

उद्धेश्य : व्यवसाय विस्तार, कृषि तथा घर निर्माणमा सहुलियत दरमा ऋण उपलब्ध गराई सदस्यलाई आत्मनिर्भर बनाउँने ।

ऋणको सिमा : अधिकतम रु ५० लाख

समयअवधी : अधिकतम ५ बर्ष

लगानीको शर्तः नियमित मासिक बचतमा आबद्ध भएको ३ महिना पुरा भएको हुनुपर्ने,

ऋणको सुरक्षण : जग्गा/घरजग्गा धितो/बचत धितो

असुलीको सर्त : सावाँव्याज दैनिक/सावाँव्याज मासिक/व्याज मासिक,साँवा त्रैमासिक/सावाँव्याज त्रैमासिक

**२. व्यवसायीक ऋण**

उद्धेश्य : व्यापार व्यवसायमा संलग्न सदस्यको व्यापार व्यवसाय बृद्धि गराउन सहयोग पुर्‍याउने ।

ऋणको सिमा : अधिकतम १ करोड ५० लाख

समयअवधी : अधिकतम ७ वर्ष

ऋणको सुरक्षण : जग्गा/घरजग्गा धितो/बचत धितो

असुलीको सर्त : सावाँव्याज दैनिक, सावाँव्याज मासिक/व्याज मासिक,

**३. हायर पर्चेज कर्जा व्यवसायिक**

उद्धेश्य : सवारी साधन खरिद गरि व्यवसायिक कार्य गर्ने

ऋणको सिमा : अधिकतम रु ५० लाख वा सवारी साधनको मूल्यको ५० प्रतिशत वा धितो मूल्यांकनको ५० प्रतिशत् मध्ये कम

समयअवधी : अधिकतम ५ वर्ष

ऋणको सुरक्षण : जग्गा धितो, सवारी साधन धितो

असुलीको सर्त : सावाँव्याज मासिक

**४. कृषि ऋण**

उद्धेश्य : कृषि कर्मद्धारा उद्यमशीलता विकास गर्ने, व्यवसायिक तरकारी खेती, पुष्प खेती, पशुपालन, कुखुरा पालन, मौरीपालन, माछापालन लगायतका कार्यको लागि लगानी गरि उत्पादन वृद्धि गर्ने ।

ऋणको सिमा : अधिकतम रु १ करोड

समयअवधी : अधिकतम ७ वर्ष

ऋणको सुरक्षण : जग्गा धितो / घरजग्गा धितो / बचत धितो

असुलीको सर्त : साँवा व्याज मासिक/त्रैमासिक

**५. अल्पकालिन व्यवसायीक ऋण**

उद्धेश्य : व्यापार व्यवसायमा संलग्न सदस्यको व्यापार व्यवसाय बृद्धि गराउन अल्पकालिन सहयोग पुर्‍याउने ।

ऋणको सिमा : अधिकतम रु १ करोड

समयअवधी : अधिकतम १ बर्ष

ऋणको सुरक्षण : जग्गा/घरजग्गा धितो/बचत धितो

असुलीको सर्त : सावाँव्याज मासिक/व्याज मासिक,

**६. आवास ऋण**

उद्धेश्य : सदस्यले आफु बस्ने उद्धेश्यले घर निमार्ण वा घरजग्गा खरीद गर्न चाहेको अवस्थामा

ऋणको सिमा : कुल कर्जाको १५ प्रतिशतमा नबढ्ने गरि अधिकतम रु २ करोड

समयअवधी : अधिकतम १० बर्ष

ऋणको सुरक्षण : जग्गा धितो / घरजग्गा धितो

असुलीको सर्त : सावाँव्याज मासिक

**ख)** **अनुत्पादक ऋण** : ऋणी सदस्यले आय आर्जन गर्न तथा स्वरोजगार बन्नका लागी ऋण रकम प्रयोग नगरी घरायसी तथा व्यक्तिगत खर्च गर्न प्रयोग गर्ने ऋणलाई अनुत्पादक ऋण भनिन्छ । संस्थाले निम्न शिर्षकमा यस्तो ऋण प्रदान गर्नेछ ।

**१. सदस्य सारथी कर्जा**

उद्धेश्य : सदस्यहरुको साधारण खरखाँचो टार्नको लागि सहुलीयत दरमा ऋण प्रवाह गर्ने

ऋणको सिमा : अधिकतम रु १ करोड

लगानीको शर्तः नियमित बचत कार्यक्रममा आबद्ध भएको हुनुपर्ने ।

समय अवधी : अधिकतम ७ बर्ष

ऋणको सुरक्षण : जग्गा धितो / घरजग्गा धितो

असुलीको सर्त : ब्याज मासिक/सावाँव्याज मासिक

**२. रियल स्टेट ऋण**

उद्धेश्य : सदस्यले विक्री गर्ने उद्धेश्यले घर निर्माण वा घरजग्गा खरीद गर्न चाहेको अवस्थामा

ऋणको सिमा : कुल कर्जाको १५ प्रतिशत्मा नबढ्ने गरि अधिकतम रु २ करोड

समयअवधी : अधिकतम ५ बर्ष

ऋणको सुरक्षण : जग्गा धितो / घरजग्गा धितो

असुलीको सर्त : सावाँव्याज मासिक

**३. शैक्षिक ऋण**

उद्धेश्य : सदस्यहरुको बालबालिकालाई शिक्षादिक्षा प्रदान गर्न आवश्यक रकमको व्यवस्था गर्ने,

ऋणको सिमा : अधिकतम रु ७५ लाख

समयअवधी : अधिकतम ५ वर्ष

ऋणको सुरक्षण : जग्गा धितो / घरजग्गा धितो

आवश्यक न्युनतम बचत रकम : नियमित मासिक बचत कार्यक्रममा आबद्ध भएको हुनुपर्ने

असुलीको सर्त : सावाँव्याज मासिक/व्याज मासिक,

**४. नवकान्तिपुर सजिलो ऋण**

उद्धेश्य : सदस्यहरुलाई आकस्मिक रुपमा आईपर्ने गर्जो टार्ने ,

ऋणको सिमा : कुल कर्जाको कुल कर्जाको १५ प्रतिशत्मा नबढ्ने गरि प्रति सदस्य अधिकतम् रु. २ करोड

समयअवधी : अधिकतम १ बर्ष

ऋणको सुरक्षण : जग्गा धितो / घरजग्गा धितो

आवश्यक न्युनतम बचत रकम : नियमित मासिक बचत कार्यक्रममा आबद्ध भएको हुनुपर्ने

असुलीको सर्त : व्याज मासिक,

**५. हायर पर्चेज कर्जा व्यक्तिगत**

उद्धेश्य : व्यक्तिगत प्रयोजनको निमित्त सवारी साधन खरिद गर्ने

ऋणको सिमा : अधिकतम ५० लाख वा सवारीसाधनको मूल्यको ५० प्रतिशत् मध्ये कम

समयअवधी : अधिकतम ५ वर्ष

ऋणको सुरक्षण : जग्गा धितो/सवारी साधन धितो

असुलीको सर्त : सावाँव्याज मासिक

**६. व्यक्तिगत ऋण**

उद्धेश्य : सदस्यहरुको व्यक्तिगत घरायसी आवश्यकता पुरा गर्ने ।

ऋणको सिमा : कुल कर्जाको ५ प्रतिशतमा कायम हुने गरि प्रति सदस्य अधिकतम रु.५० लाख

समयअवधी : अधिकतम ५ बर्ष

ऋणको सुरक्षण : जग्गा धितो / घरजग्गा धितो

आवश्यक न्युनतम बचत रकम : नियमित मासिक बचत कार्यक्रममा आबद्ध भएको हुनुपर्ने

असुलीको सर्त : व्याज मासिक/सावाँ व्याज मासिक,

**७. आवधिक बचत धितो कर्जा**

उद्धेश्य : सदस्यहरुको आवधिक बचत धितो राखि तत्कालको खरखाँचो टार्ने ।

ऋणको सिमा : आवधिक बचत रकमको ९० प्रतिशत सम्म

समयअवधी : आवधिक बचतको अवधि सम्म

ऋणको सुरक्षण : आवधिक बचत रसिद

असुलीको शर्त : व्याज मासिक/साँवा ब्याज एकमुष्ठ

**८. सामुहिक जमानी कर्जा:**

उद्धेश्य : सदस्यहरुको समुह बनाई समुहको बचतको आधारमा ऋण लगानी गर्ने

ऋणको सिमा : सदस्यको नियमित बचत ब्यालेन्सको ५ गुणा वा रु. ३ लाख मध्ये कम

समयअवधी : अधिकतम् १ वर्ष

ऋणको सुरक्षण : बचत/समुह बचत

असुलीको शर्त : सावाँ ब्याज दैनिक/मासिक

**९. कर्मचारी आवास कर्जा**

उद्धेश्य : संस्थामा कार्यरत कर्मचारीहरुले आफु बस्ने उद्धेश्यले घर निमार्ण वा घरजग्गा खरीद गर्न

ऋणको सिमा : कर्मचारीको आधारभूत तलब स्केलको आधारमा १० बर्षको तलब वा रु. ५० लाख मध्ये कम

समयअवधी : अधिकतम् १५ वर्ष वा कर्मचारीको बाँकी सेवा अवधि मध्ये कम

ऋणको सुरक्षण : जग्गा धितो / घरजग्गा धितो

लगानीको शर्तः तमाम सेवा अवधिभर एकपटकको लागि मात्र, कर्मचारीको एकाघर परिवारको नाममा रहेको जग्गा/घरजग्गा

असुलीको शर्त : ब्याज/सावाँव्याज मासिक

**१०. कर्मचारी व्यक्तिगत कर्जा**

उद्धेश्य : संस्थामा कार्यरत कर्मचारीहरुको व्यक्तिगत खाँचो टार्नको लागि सहुलियत दरमा रकम उपलब्ध गराउँने ।

ऋणको सिमा : कर्मचारीको आधारभूत तलब स्केलको आधारमा १० बर्षको तलब वा रु. ५० लाख मध्ये कम

समयअवधी : अधिकम् १० वर्ष वा कर्मचारीको बाँकी सेवा अवधि मध्ये कम

ऋणको सुरक्षण : जग्गा धितो/ घरजग्गा धितो / बचत धितो

असुलीको सर्त : ब्याज मासिक,साँवा त्रैमासिक वा एकमुष्ठ

६. **आवश्यक कागजातहरु :**

**क)** सदस्यले संस्थाबाट धितो राखि कर्जा लिनको लागि ऋण मात्रपत्रको साथमा देहाय बमोजिमको कागजात पेश गर्नुपर्नेछः:

१. जग्गाधनी दर्ता प्रमाण पुर्जा सक्कल ।
२. राष्ट्रिय परिचयपत्र
३. नागरिकता प्रमाणपत्र प्रतिलिपि सपरिवार तथा मञ्जुरीनामा दिने, जमानत दिने व्यक्तिको ।
४. नाता प्रमाणीत प्रतिलिपि ।
५. चालु आ.व. को मालपोत रसिद सक्कल ।
६. राजिनामा लिखत
७. नापी शाखाबाट प्रमाणित जग्गाको ट्रेस र ब्लुप्रिन्ट नक्सा सक्कल
८. सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट प्रमाणित चार किल्ला (हालसालै लिएको)
९. ऋण मागकर्ता सदस्यको आफ्नै नामको धितो नभए एकाघर भित्रको धितोको मञ्जुरीनामा ( यस्तो मञ्जुरीनामा धितोवाला र धितोको हकवालाले संस्थामै आई दिनुपर्नेछ )
१०. स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि ,
११. व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपि
१२. विशेष परियोजनापत्र

१३. पछिल्लो आय बर्षको कर चुक्ता प्रमाणपत्र प्रतिलिपि

१४. हालसालै खिचेको पासपोर्ट साईजको ऋणी तथा जमानत दिनेको फोटो २ प्रति

१५. आयश्रोतको प्रमाणीत कागजात ।

१६. व्यवसायीक ऋण मागकर्ता सदस्यले स्थानीय गाउँपालिका वा नगरपालिका वा उद्योग वाणिज्य सङ्घमा व्यवसाय दर्ता गरेको प्रमाणपत्र पेस गर्नु पर्नेछ ।

१७. घरजग्गा ऋणका लागि आवश्यक कागजातहरू : गृहनिर्माणका हकमा नगरपालिका क्षेत्रमा घरको नक्सापास, जग्गा किन्न ऋण लगानी गर्दा किन्नुपर्ने जग्गाको बैनाबट्टा कागज पेस गर्नुपर्ने छ । नयाँ खरीद गरीएको जग्गालाई नै धितोको रुपमा स्वीकार गर्नु पर्दा ऋण रकम थैली रकम वा सो भन्दा कम हुनु पर्नेछ ।

**ख) अचल सम्पत्ति धितो नचाहिने ऋणका लागि आवश्यक कागजातहरू :**

१. बचत ऋणका लागि - ऋण माग निवेदनका साथमा बचतको प्रमाणपत्र

२. विद्युतीय उपकरण खरीद ऋणका लागि - ऋण माग निवेदन र बिक्रेताबाट प्रमाणित मूल्य

३. सवारीसाधन ऋणका लागि -

- ऋण माग निवेदन,
- बिक्रेताबाट प्रमाणित मूल्य सूची
- सवारीचालक अनुमतिपत्रको प्रतिलिपि
- कम्तीमा १ कित्ता सेयर भएको सेयर प्रमाणपत्रको प्रतिलिपि,
- सवारीसाधनको सम्पूर्ण बिमा गरेको बिमा प्रलेखको प्रतिलिपि ।

४. आकस्मिक व्यक्तिगत ऋणका लागि - परिवारमा मृत्यु भएमा, सर्पले डसी उपचार गर्नु परेमा, बाढी, पहिरो, आगजनी, गम्भीर दुर्घटना, दैवी विपत्ति परेमा यस्तो ऋण प्राप्त गर्न सकिने छ । ऋण माग गर्दा कम्तीमा दुई जना सदस्यको सिफारिस र शाखा प्रवन्धकको सिफारिस आवश्यक पर्नेछ ।

५. आवधिक बचत सापटी ऋणका लागि - ऋण माग निवेदन, शेयर प्रमाणपत्रको प्रतिलिपि, आवधिक बचतको निस्साको प्रतिलिपि ।

६. कर्मचारी सहुलीयत ऋणका लागि ऋण माग निवेदनसाथ नियुक्ति पत्रको प्रतिलिपि र सम्बन्धित निकायबाट मासिक तलब खुलेको सिफारिस पत्र ।

७. **ब्याजदर :**

माथि उल्लेखित ऋणहरूको ब्याजदर समय समयमा सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

८. **कर्जा सूचनाको आदान प्रदान :**

१. संस्थाले सदस्यसंग ऋण कारोवार गर्दा कर्जा सूचना केन्द्र बाट आवश्यक सूचना तथा जानकारी लिन सक्नेछ ।

२. सदस्यले संस्थासंग गरेका कर्जा कारोवारको जानकारी प्रचलित कानून बमोजिम कर्जा सूचना केन्द्रलाई प्रदान गर्नुपर्नेछ ।

३. संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा भाखाभित्र ऋणको सावाँब्याज फिर्ता नगर्ने सदस्यको कालोसूचीमा समावेस गर्नको लागि सिफारिस गरिनेछ ।

४. उपनियम ३ अनुसार कालोसूचीमा परेका सदस्यले संस्थामा रहेको बक्यौता चुक्ता गरेमा कालोसूचीबाट हटाउनको लागि सिफारिस गरिनेछ ।

## परिच्छेद ४
## धितो सम्बन्धी व्यवस्था

**९. अचल सम्पत्ति धितो जमानत सम्वन्धमा :**

क. संस्थामा आवद्ध सदस्यले आफ्नो वा एकाघर परिवार भित्रको सदस्यको नाममा दर्ता रहेको अचल सम्पत्ति मात्र धितो जमानत बापत संस्थामा राख्न पाउनेछ ।

ख. धितो दिएको अचल सम्पत्ति संस्थाबाट तोके बमोजिमको निर्धारित प्रक्रिया पूरा गरी मूल्यांकन गरिनेछ । Distress Value को अधिकतम ८५ प्रतिशतमा नबढाई ऋण प्रदान गर्न सकिनेछ । घर धितोको हकमा पक्की घर हुनुपर्नेछ र आधिकारिक निकायले मूल्यांकन गरिएको दर रेटलाई आधार मानिनेछ । प्रचलित मूल्य निर्धारणका लागि संस्थाले अलग्गै धितो मूल्यांकन निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

ग. संस्थाको कार्यक्षेत्र भित्रको अचल सम्पत्ति उपयुक्तता हेरी धितो जमानत स्वरुप स्वीकार गर्न प्राथमिकता दिईनेछ । कार्यक्षेत्र रहेको जिल्ला संग जोडिएका अन्य जिल्ला भित्रको अचल सम्पत्ति पनि धितोको रुपमा स्वीकार गर्न सकिने छ ।

घ. धितो मुल्यांकन शुल्क (सदस्यले संस्थालाई भुक्तानी गर्ने) दुरीको आधारमा संस्थाले समय समयमा तोके बमोजिम हुनेछ ।

**१०. धितो मुल्यांकन आधार :**

क. घर धितोमा राखिने ऋणको हकमा धितोमा रहेको घरमा आगलागी, हुलदंगा जस्ता जोखिमका सम्भावना भएका व्यवसायहरु संचालन भएको अवस्था, सो ऋणमा जग्गाको भन्दा घरको मूल्यांकन अधिक रहेको अवस्थाका साथै रु.१० लाखभन्दा माथिको ऋण लगानी गर्नुपर्ने अवस्थामा धितोमा रहने घरको बिमा अनिवार्य गर्नुपर्नेछ ।

ख. हायरपर्चेज ऋणको हकमा ऋण लिई खरिद गरिने यातायातको साधन नै धितो रहनेछ । संस्थाले आवश्यक ठानेमा थप अचल सम्पत्ति समेत धितो लिन सकिनेछ । सवारी साधन खरीद ऋणका धितो रहने सवारी साधनको बीमा अनिवार्य गर्नुपर्नेछ । हायरपर्चेज ऋण लगानी सम्बन्धमा आवश्यक थप विषय स्पष्ट पार्न संस्थाले छुट्टै कार्यविधि बनाई लागु गर्नेछ ।

ग. घर निर्माण गर्दा जुन कित्तामा घर निर्माण गर्ने हो उक्त कित्तामा बनेको घर सहितको जग्गा अनिवार्य रोक्का राख्नु पर्नेछ ।

घ. हक हस्तान्तरण भइ जाने गुठी घरजग्गाको मूल्यांकन गर्दा कूल मूल्यांकनको ३३% मूल्यांकन कायम गरिनेछ ।

ङ सामान्यतया माटोको जोडाई भएको घरको मूल्यांकन गरिने छैन ।

च. घरको मूल्यांकन गर्दा निर्माणसम्पन्न भएको मितिले २ वर्ष पुरा भएपछि घट्दो दरमा वार्षिक ५ प्रतिशतको दरले ह्रास कट्टि गरि मूल्यांकन कायम गरिनेछ ।

छ. नयाँ यातायात साधनको मूल्यांकन कम्पनीको कोटेशनको आधारमा गरि सोको बढीमा ६५ प्रतिशतसम्म मात्र ऋण लगानी गरिनेछ ।

ज. पुरानो यातायात साधनको मूल्यांकन सूचिकृत मूल्यांकनकर्ताले गरेको मूल्यांकनको आधारमा Distress Value को बढीमा ५० प्रतिशतसम्म मात्र ऋण लगानी गरिनेछ ।

**११. धितो मूल्यांकन गर्दा ध्यान दिनुपर्ने कुराहरु :**

क. मोही भएको जग्गा धितो राखी ऋण लगानी गरिने छैन

ख. सामान्यतया धितोको जग्गा रैकर हुनु पर्दछ । विशेष अवस्थामा गुठी घर जग्गा भएमा सम्बन्धित निकाय वा गुठी संस्थानबाट सिफारिस तथा स्विकृति लिनु पर्ने छ ।

ग. खेतीयोग्य जमिन भनि सम्बन्धित् निकायबाट सिफारिस प्राप्त गरेको अवस्थामा बाहेक धितो राख्ने जग्गामा कम्तिमा गोरेटो बाटोको पहुँच हुनुपर्नेछ ।

**१२. धितो सम्बन्धि हदम्याद :**

क. राजिनामा पास भई लिखतमा उल्लेख भएको मूल्यको आधारमा गरिएको मूल्यांकनको हकमा हद म्याद लाग्नेछैन ।

ख. धितो दिने घर जग्गा बकसपत्रबाट प्राप्त हुन आएमा २ वर्ष ३५ दिन पूरा भएको हुनु पर्नेछ ।

ग. अपुतालीबाट प्राप्त गरेका घर जग्गा धितो दिने भएमा ३ वर्ष पुरा भएको हुनु पर्नेछ ।

घ. अंशबण्डाबाट प्राप्त स्वामित्व भएको धितो भएमा ३ महिना ३५ दिन पूरा भएको हुनु पर्नेछ ।

ङ नामसारीबाट प्राप्त स्वामित्व भएको धितो भएमा कानुनी हदम्याद लाग्ने छैन ।

च. लिलाम बढाबढबाट सकार गरेको घर जग्गा धितो भएमा हदम्याद लाग्ने छैन ।

छ. धितो दिने घर जग्गा विद्युत उच्च भोल्टेज(हाईटेन्सन लाइन) भएमा सम्बन्धित निकायले तोकिएको मापदण्डको दूरी कटाई बनाएको घर हुनु पर्ने र जग्गाको हकमा कूल क्षेत्रफलबाट प्रभावित क्षेत्रफल कट्टा गरी मूल्यांकन गर्नु पर्नेछ ।

ज. नदी खोला खोल्सा आदिको अवस्था हेरी धितो नोक्सानी नहुने अवस्था रहेमा नदी, खोला र खोल्साको प्रकृति अनुसार नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम कट्टा गरी मूल्यांकन गर्नुपर्नेछ । तर राजमार्गको हकमा सडक विभाग वा स्थानीय निकायले तोकेको सडक सिमा कट्टाई बाँकी रहने घर जग्गाको मात्र मूल्यांकन गर्नु पर्नेछ ।

झ. पाँच वर्ष भन्दा पुरानो सवारी साधन धितो स्विकार गर्न सकिने छैन । त्यस्ता सवारी साधनका लागि घर जग्गा धितो सुरक्षण पेश गर्नु पर्नेछ ।

**१३. जानकारी :**

ऋण स्वीकृत वा अस्वीकृतको जानकारी निर्णय भएको मितिले ३ दिन भित्र ऋण माग गर्ने सदस्य लाई दिनुपर्दछ ।

**१४. धितो रोक्का, दृष्टिबन्धक तथा सवारी साधन नामसारी :**

क. ऋण स्वीकृत भएपछि घर जग्गाको विवरण अनुसार दृष्टिबन्धक गर्न सम्बन्धित् कार्यालयमा लेखि पठाउनुपर्नेछ ।

ख. धितो राख्नको लागि लाग्ने सबै खर्च सम्वन्धित ऋणी सदस्यले बेहोर्नु पर्नेछ ।

ग. सवारी साधन ऋणमा सम्बन्धित सवारी साधन तथा सो सवारी साधनको बीमा संस्थाको नाममा नामसारी भई आए पछि मात्र ऋण लगानी गरिनेछ ।

**१५. धितो तथा बचत जमानत मन्जुरीनामा सम्बन्धमा :**

क. ऋण लिन चाहनेले परिवारको सदस्यको नाममा रहेको सम्पति धितो राख्दा सो सम्पतिको मालिक स्वयमलाई उपस्थित गराई मन्जुरीनामा लिनुपर्नेछ ।

ख. आफ्नो वा अन्य शेयर सदस्यको बचतलाई जमानत राखेर त्यस्तो जम्मा वचतको ९० प्रतिशत सम्मको रकम ऋण प्रवाह गर्न सकिनेछ,

ग. जमानत दिने व्यक्ती स्वयं उपस्थित भई मञ्जुरीनामा दिनुपर्नेछ ,

घ. ऋण असुली नभएसम्म जमानत दिने व्यक्तीलाई ऋण प्रवाह गरिने छैन,

ङ. ऋणीले ऋणको अवधी भित्र ऋण चुक्ता नगरेमा जमानत दिने व्यक्तीको वचत तथा सो ले अपुग हुन गएमा निजको घरघरानाबाट असुल उपर गरिनेछ ,

च. अन्य सदस्यको ऋणमा जमानत बस्दा तोकिएबमोजिमको जमानत पत्रमा औठा छाप सहित हस्ताक्षर गरी उक्त पत्र जमानत बस्ने शेयर सदस्यको फाइलमा नत्थी गरी राखिनेछ ।

**१६. दृष्टिबन्धक :**

क. ऋण स्वीकृत भैसके पछि मालपोत कार्यालयबाट धितो दृष्टिबन्धक राख्न लगाई सोको जानकारी पत्र सम्बन्धित ऋण मागकर्ताको ब्यक्तिगत फायलमा समावेश गरिनेछ ।

ख. धितो दृष्टिबन्धक पास कार्यमा ब्यवस्थापकले तोकेको व्यक्ति संलग्न हुनुपर्नेछ ।

घ. ऋण स्वीकृत भैसके पछि मालपोत कार्यालयबाट धितो दृष्टिबन्धक गर्दा स्वीकृत ऋण बराबरको रकम थैली राखी धितोबन्धक पास गरी सो को लिखत सम्बन्धित ऋण मागकर्ताको ब्यक्तिगत फायलमा समावेश गरिनेछ ।

## परिच्छेद ५

## ऋण स्विकृतीको प्रकृया

**१७. ऋण विश्लेषण (5C) :**

प्रकृया पुरा भई आएको ऋण निवदेनलाई ५सी का आधारमा तोकिए बमोजिम विश्लेषण गरी राय ,टिप्पणीका साथ सिफारिश सहित स्वीकृतिका लागि अधिकार प्रद्धत निकायमा पेश गरिनेछ । यस कममा धितो मूल्यांकन गर्न अख्तियार प्राप्त निकायले संस्थाको निर्धारित ढांचा बमोजिम धितो मूल्यांकन गरी सिफारिश सहित सम्बन्धित निकायमा मूल्यांकन प्रतिवेदन पेश गर्नेछ । ५सी मा ६० प्रतिशत भन्दा कम अंक प्राप्त गरेको अवस्थामा ऋणको प्रक्रियालाई अगाडि बढाईने छैन ।

५ सी का आधारमा प्राप्त कुल स्कोरको तह र ऋण सिफारिश /स्वीकृती सम्बन्धि कारवाही निम्न अनुसार गरिनेछ ।

| **कुल स्कोर (प्रतिशत)** | **निर्णय र आवश्यकता** |
|---|---|
| ६०% वा सो भन्दा तल | सिफारिश / स्वीकृत नगर्ने, किन कि यस्तो ऋणहरु असुल हुने सम्भावना नै हुदैन । |
| ६१% देखी ८०% सम्म | सिफारिश /स्वीकृत गर्ने, तर धितो अनिवार्य, जमानी अनिवार्य, नियमित वा अनिवार्य बचत गरिरहेको हुनुपर्ने र छिटो छिटो सुपरिवेक्षण गर्नु पर्ने |
| ८१% देखी ९०% सम्म | सिफारिश /स्वीकृत गर्ने, तर कुनै न कुनै धितो चाहिने र दिगो सुपरिवेक्षण हुनु पर्ने |
| ९१% देखी १००% | कहिलेकाही अनुगमन गर्दा हुने |

| सम्म | |
|---|---|

१८. **ऋण स्वीकृतिका आधार तथा अधिकार क्षेत्र :**

ऋण स्वीकृति गर्दा देहाय बमोजिमका प्रकृया,आधार लिईनेछ तथा अधिकारको प्रत्योजन गरिनेछ ।

| **क्रसं** | **ऋण रकम** | **बचत वा धितो मुल्यांकन** | **सिफारिस कर्ता** | **ऋण स्विकृत गर्ने** |
|---|---|---|---|---|
| १. | रु. ५ लाख सम्म | शाखा प्रवन्धक र शाखा प्रवन्धकले तोकेको कर्मचारी | ऋण सहायक | शाखा प्रवन्धक /ऋण विभाग प्रमुख |
| १. | रु. १० लाख सम्म | व्यवस्थापन तहको कर्मचारी र संस्थागत मूल्यांकनकर्ता | ऋण अधिकृत | शाखा प्रवन्धक |
| २. | रु. २० लाख सम्म | व्यवस्थापन तहको कर्मचारी र संस्थागत मूल्यांकनकर्ता | शाखा प्रवन्धक /ऋण अधिकृत/ऋण उपसमिति | व्यवस्थापक/सञ्चालक समिति |
| ३. | रु. २० लाख भन्दा माथि | व्यवस्थापन तहको कर्मचारी र संस्थागत मूल्यांकनकर्ता | व्यवस्थापक | संचालक समिति |
| ४. | बचत धितो ऋण | ऋण अधिकृत | बजार विभागका कर्मचारी/ऋण अधिकृत | शाखा प्रवन्धक |

१९. **ऋण प्रक्रियागत शुल्क :**

संस्थाको ऋण सेवा उपभोग गर्ने सदस्यबाट कर्जाको अवधि अनुसार सञ्चालक समितिले निर्धारण गरेअनुसारको **प्रक्रियागत** शुल्क लाग्ने छ ।

२०. **धितो मुल्याङ्कन शुल्क :**

ऋण स्वीकृती प्रकृयामा धितो मुल्याङकन गर्दा लाग्ने खर्च ऋण रकमको आधारमा मुल्यांकन गराउदा संस्थाले इन्जिनियरीङ फर्मसंग गरेको संझौता अनुसार हुने छ । सो शुल्क सम्वन्धित ऋण माग गर्ने सदस्यले ब्यहोर्नु पर्नेछ ।

२१. **ऋण लिदा शेयर थप गर्नुपर्ने :**

सदस्यले ऋण लिदा कम्तीमा ५० कित्ता शेयर कायम गर्नुपर्ने छ ।

२२. **ऋण निकाशा :**

क)	स्वीकृत भएको ऋण तोकिए बमोजिमको ढाँचामा तमसुक तयार गरी सो तमसुकमा ऋणीको लेखात्मक तथा रेखात्मक सहिछाप गराई कम्तीमा दुईजना जिम्मेवार व्यक्ती लाई रोहवर साक्षी राखि रितपूर्वक तमसुक गराएपछि मात्र ऋण प्रदान गरिनेछ ।

ख)	ऋण को प्रकृति अनुसार ऋण निकाशा किस्तावन्दी रुपमा पनि गर्न सकिनेछ ।

ग)	ऋण रकम ऋणी सदस्यको वचत खातामा राखिनेछ र सदस्यले आवश्यकता अनुसार निकाल्दै जान सक्नेछ ।

२३. **छुट तथा बिलम्व शुल्क :**

१.	किस्ता तोकिएको ऋणको हकमा भुक्तानी तालिका अनुसार नै ऋणको साँवा र ब्याज भुक्तानी गर्नुपर्नेछ ।

२.	किस्ताको समय नाघेको ३ दिन भित्र किस्ता रकम बुझाएमा हर्जाना लाग्ने छैन् ।

३.	ब्याज समयमै भुक्तानी गरेमा भुक्तानी भएको ब्याज रकमको ३ प्रतिशत सम्म छुट गर्न सकिनेछ ।

४.	भुक्तानी तालिका अनुसार किस्ता समयमा नबुझाएमा सो समयमा बुझाउनुपर्ने किस्ता रकम ( साँवा)को संचालक समितीले समय समयमा तोके बमोजिमको थप विलम्ब शुल्क लाग्नेछ ।

## परिच्छेद ६
## ऋण असुली तथा भाखा नाघेको ऋण व्यवस्थापन

२४. **ऋण असुली प्रकिया :**

१.	ऋण लगानी गरेको बखतमा संस्थाले ऋणी सदस्यलाई ऋण भूक्तानी तालिका प्रदान गर्नेछ ।

२.	ऋण भुक्तानी समय आउनु १ हप्ता अगाडि ऋण हेर्ने कर्मचारीले विभिन्न माध्यम (टेलिफोन, इमेल, भाईवर, मेसेञ्जर, ह्वाट्सएप, एस एम एस आदि) वाट जानकारी गराइनेछ ।

३.	ऋण असुली कार्यलाई व्यवस्थित गर्न यस कार्यविधीको अधिनमा रहि संचालक समितिले संस्थाको छुटै ऋण असुली निर्देशिका तयार पारी लागु गर्न सक्नेछ ।

२५. **भाखा नाघेको ऋण ब्यवस्थापन :**

१. भाखा नाघेको ऋणको गणना:

क)	ऋणको तमसुक र भुक्तानी तालिका अनुसार तोकिएको समयसीमा भित्र ऋणको किस्ता, ब्याज र साँवा भुक्तानी नगरेको अवस्थामा ऋणलाई भाखा नाघेको ऋणको रुपमा गणना गरिनेछ ।

घ)	भाखा नाघेको ऋणको गणना प्रत्येक महिनाको मसान्तमा गरिनेछ ।

२६. **म्याद थप र भाखा संशोधन :**

ऋणको सावाँ समयभित्र बुझाउन नसकेको उचित कारण देखाई सो समय सम्मको सम्पूर्ण ब्याज रकम भुक्तान गरी भाखा समाप्त भएको बढीमा सात दिन भित्र निवेदन गरेमा संस्थाले बढीमा १ वर्षसम्म म्याद थप गरि ऋण नविकरण गर्न सक्नेछ । यसरी म्याद थप गर्दा थप अवधिको ऋण नविकरण तमसुक बनाउनु पर्नेछ ।

## २७. ऋणको वर्गीकरण :

**क) जोखिमको आधारमा ऋणको वर्गिकरण :**

जोखिमको आधारमा ऋणलाई देहाय बमोजिम ३ भागमा विभाजन गरिनेछ ।

१. भाखा ननाघेको वा भाखा नाघी ३ महिना व्यतित नभएको ऋण –असल ऋण

२. ३ महिना देखि ६ महिनासम्म भाखा नाघेको कर्जा-कमसल

३. ६ महिना देखि १ वर्ष सम्म भाखा नाघेको ऋण- शंकास्पद ऋण

४. १ वर्ष भन्दा बढी भाखा नाघेको ऋण - खराब ऋण

## २८. जोखिम ऋणको व्यवस्थापन :

उपरोक्त जोखीमहरुलाई निम्न अनुसार व्यवस्थापन गरिनेछ ।

१) त्रैमासिक रुपमा भाखा वर्गीकरण प्रतिवेदन तयार गरी देहाय बमोजिम ऋण जोखिम व्यहार्ने कोषको व्यवस्था गरिनेछ :

(क) खराब ऋणका लागि १००% बराबर रकम

(ख) शंकास्पद ऋणको लागि ५०% बराबर रकम

(ग) कमसल ऋणको लागि २५% बराबर रकम

(घ) असल ऋणको लागि १% बराबर रकम

२) ऋण अपलेखन (चार्ज अफ) कार्यबिधि तयार गरी भाखा नाघेको १० वर्ष भन्दा बढी भई उठ्नै नसक्ने अवस्थामा पुगेका ऋणलाई साधारण सभाको स्विकृति लिई अपलेखन गर्न सकिनेछ ।

३) परियोजनाको सुरक्षाको लागि ऋणीलाई अनिवार्य रुपमा बीमा गर्न सकिने परियोजनाको विमा गर्न लगाउनु पर्दछ ।

## २९. भाखा नाघेका तथा नियमित किस्ता नतिरेका ऋण असुली तरीका :

ऋणीले चुक्ता गर्नुपर्ने ऋणको भाखा समाप्त भएको साथै तोकिएको समयमा किस्ता वा नियमित ब्याज नतिरेको खण्डमा उक्त ऋण असुलीको लागी संस्थाले देहाय अनुसारको असुली प्रकृया अपनाउनेछ ।

१. भाखा वा किस्ता समाप्त हुनुभन्दा कम्तीमा ३ दिन अघि ऋणीलाई भाखा वा किस्ता नाघ्ने समयको स्मरण गराउन टेलिफोन/एस.एम.एस/स्मरणपत्र पदान गरिने छ ।

२. भाखा वा किस्ता तिर्ने समय नाघेको १५ दिनभित्र भाखा नाघेको ऋणको सांवा ब्याज तथा छुट किस्ता वा ब्याज चुक्ता गर्न टेलिफोन/एस.एम.एस/१० दिने ताकेता पत्र बाट ताकेता गरिनेछ ।

३. भाखा वा किस्ता तिर्ने समय नाघेको १५ दिनभित्र भाखा नाघेको ऋणको सांवा ब्याज तथा छुट किस्ता वा ब्याज चुक्ता गर्न टेलिफोन/एस.एम.एस/ताकेता पत्र बाट ताकेता गर्दा समेत उक्त ताकेता पत्रको वेवास्ता गरी ऋणीले उक्त पत्र बुझि लिएको १५ दिन भित्र संस्थालाई सांवा व्याज भुक्तानी नगरेमा अर्को १५ दिनको म्याद राखी सम्पूर्ण रकम चुक्ता गर्न दोस्रो पत्र काटिनेछ ।

४. उक्त पत्र बुझि लिएको १५ दिन भित्र संस्थालाई सांवा व्याज भुक्तानी नगरेमा १५ दिन भित्र सम्पूर्ण रकम चुक्ता गर्न ऋणीलाई राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने सूचनाको ढाँचा सहितको पत्र दिई अन्तिम मौका प्रदान गरिने छ। साथै ऋण तिर्ने सूचना संस्थाको सूचना पाटी , संस्थाको आधिकारिक सामाजिक सञ्जाल तथा वेभसाईटमा समेत प्रकाशित गर्न सकिनेछ।

५ संस्थाले माथिको प्रक्रिया पुरा गर्ने सिलसिलामा पत्र लिएर जाँदा पत्र नबुझ्ने वा पत्र लिएर जाने कर्मचारीमाथि अभद्र व्यवहार गर्ने जस्ता कार्य भएमा संस्थाले हुलाक मार्फत वा अन्य विद्युतिय माध्यमबाट पठाईएको जानकारीलाइ नै आधार मानि थप प्रक्रिया अघि बढाउनेछ। साथै ऋणी सदस्य संस्थाको सम्पर्कमा नआई फरार भएमा समेत निजको स्थायी ठेगानामा हुलाक मार्फत वा अन्य विद्युतिय माध्यमबाट जानकारी पत्र पठाउदा समेत सम्पर्कमा नआएमा यसरी पठाईएको जानकारीलाइ नै आधार मानि थप प्रक्रिया अघि बढाउनेछ।

६. संस्थाले प्रदान गरेको अन्तिम मौकामा समेत ऋणको किस्ता सावाँ व्याज भुक्तान नभएमा ऋणीको ३ पुस्ते विवरण सहित ३५ दिन भित्र ऋण भुक्तान गर्न आउने सुचना स्थानिय तथा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ।

७ अन्तिम भाखा नाघेको ऋणको वा लगातार ५ वटा किस्ताहरु भाखा नाघेको अवस्थामा उपदफा १ देखि ४ सम्मको प्रक्रियाहरु पूरा भईसकेपश्चात पनि ऋण असुली नभएमा संचालक समितिको निर्णय अनुसार धितो लिलामी प्रक्रियालाई (प्रचतिल सहकारी ऐन, नियमावली तथा कार्यविधी अनुसार) अगाडि बढाइनेछ।

८. संस्था स्थापनाको समयमा धितो वा बिना धितो लगानी भएको तथा धितो भएको तर ऋण रकम पुरा असुल उपर हुन नसक्ने ऋणको सन्दर्भमा संस्थाको वार्षिक कार्यक्रमहरुमा ऋण असुली कार्यक्रम सञ्चालन गरि ऋण उपसमिति, संचालक समिति तथा कर्मचारीहरु नियमित रुपमा त्यस्ता ऋणीहरु संग सम्पर्कमा रहने बार्षिक रुपमा संस्थाको कालो सुचि निर्माण गरि प्रकाशित गर्ने र सामाजिक कार्यमा संस्थाको तर्फबाट सामाजिक बहिस्कार कार्यक्रमहरु तयार गर्दै लगिने छ।

९. भाखा नाघेको तथा नियमित ब्याज र किस्ता नआएको दुवै ऋणलाई भाखा नाघेको ऋणको रुपमा परिभाषित गरिएकोले भाखा नघाउने ऋणी “५सी” अन्तर्गत ऋणको स्तर मुल्याङ्कन गर्दा भविष्यमा ऋण लगानीको लागि पूर्ण योग्य नठहरिने भएकोले त्यस्ता ऋणीहरुलाई पुन ऋण लगानी सम्बन्धि विश्लेषण गर्दा स्कोर घटाईनेछ।

१०. बचतको आधारमा लगानी गरिने ऋणको अन्तिम भाखा मिति सम्म पनि ऋण चुक्ता नभएमा स्वत बचतवाट कट्टा गरी ऋण असुल गरिनेछ। यदि बचत वाट सम्पूर्ण ऋण असुल हुन नसकेमा ऋणीको शेयर तथा एकाघर परिवारको सदस्यको बचत तथा शेयरबाट लिखित जानकारी गराई सिधै रकम कटाई ऋण असुली गरिनेछ। यस्तो अवस्थामा संस्थाले आवश्यकता अनुसार सम्बन्धित ऋणी सदस्यहरुलाई जानकारी गराई वा बिना जानकारी समेत उक्त रकम कट्टी गर्न सक्नेछ।

**३०. कर्जा असूली न्यायाधिकरणमा उजुरी दिन सकिने :**

१. यस कार्यविधी बमोजिम ऋण असूल हुन नसकेमा थप कानूनी प्रक्रिया पुर्याई ऋण असूल गर्नको निमित्त संस्थाले कर्जा असूली न्यायाधिकरणमा उजुरी दिन सक्नेछ।

२. कर्जा असूली न्यायाधिकरण मार्फत ऋण असूलगर्न लाग्ने अदालती दस्तुर लगायत अन्य लाग्ने दैदस्तुरहरु सम्बन्धित् ऋणीको नाममा लिनुपर्ने हिसाबमा राखि खर्च गरिनेछ ।

## परिच्छेद ७
## ऋण अपलेखन

**३१. ऋण अपलेखन गरिने अवस्था :**

कुनैपनि सदस्यले लिएको ऋणको अन्तिम भाखा १० वर्षभन्दा बढी समय नाघ्ने बित्तिकै कर्जा जोखिम कोषमा राखिएको रकमलाई स्वतः ऋण असुली भएको बनाउनुलाई सामान्यतया ऋण अपलेखन भनेर बुझिनेछ । कुनैपनि सदस्यले लिएको ऋणको अन्तिम भाखा ५ वर्षभन्दा बढी समय नाघ्ने बित्तिकै देहायको अवस्थामा उक्त ऋणलाई स्वतः ऋण अपलेखन कार्यविधी अनुसार ऋण अपलेखन गरिनेछ ।

क) प्रचलित कानुन अनुसार ऋणी सदस्य टाट पल्टिएको प्रमाणित भएमा

ख) धितो बिक्रीबाट पनि ऋण पुरा चुक्ता नहुने अवस्था भई संस्थाले घाटा ब्यहोर्नु पर्ने अवस्था तथा सदस्यले भविष्यमा बाँकी ऋण चुक्ता गर्ने न्यून सम्भावना रहेको अवस्थामा

ग) ऋणीको मृत्यु भैसकेको र संस्थालाई निज ऋणीको जाय जेथा, जमानी बस्ने तथा उसका नजिकका नातेदारबाट ऋण नउठेको अवस्थामा

घ) ऋणीको संस्थामा रहेको कुनै पनि खाताबाट रकम सार्दा नपुग भएको अवस्थामा

ङ) ऋणीले जालसाजी (जमानीको किर्ते हस्ताक्षर, नक्कली लालपुर्जा आदि) गरी ऋण लिएको र ऋण उठ्ने कुनै पनि सम्भावना कम रहेको अवस्थामा

च) भाखा नाघेको ऋण असुलीको लागि संस्थाको प्रचलित ब्यवस्था अनुसारको प्रकृया अवलम्बन गर्दा पनि अन्ततः असुल हुने सम्भावना कम भएको ऋण,

छ) ऋणीबाट प्राप्त हुनुपर्ने ऋण रकम साधारण कारवाहीवाट असुल गर्न नसकिने भई असुली प्रक्रिया अगाडि बढाउँदा संस्थाले प्राप्त गर्ने रकमको तुलनामा बढी खर्च लाग्ने देखिएको अवस्थामा,

ज) प्राकृतिक प्रकोप, आकस्मिक दुर्घटना वा ऋणीको कावु बाहिरको परिस्थितिका कारण यथेष्ट प्रमाणका आधारमा ऋण उठ्न सक्ने सम्भावना कम देखिएको अवस्थामा,

तर माथीको बाहेकको हकमा भने कुनैपनि सदस्यले लिएको ऋणको अन्तिम भाखा १० वर्षभन्दा बढी समय नाघ्ने बित्तिकै उक्त ऋणलाई स्वत अपलेखनयोग्य ऋणमा वर्गीकरण गरिनेछ ।

**३२. अपलेखन प्रक्रिया :**

१) हरेक महिना संस्थाको व्यवस्थापनले अपलेखन योग्य ऋणको प्रतिवेदन तयार गरि संस्थामा निजको नाममा रहेको बचत तथा शेयर ब्यालेन्स सम्बन्धि लिखित प्रतिवेदन तयार गरि संचालक समितिमा छलफलको लागि पेश गर्नुपर्नेछ ।

२) अपलेखन गर्नु पर्ने भाखा नाघेको ऋण र सोसंग सम्बन्धित हरेक लेखा खाताहरु ऋण उपसमितिले समीक्षा गर्नेछ जुन प्रतिवेदनलाई नियमित मासिक रुपमा संचालक समिति समक्ष प्राथमिकता साथ पेश गरिनेछ ।

३) ऋण अपलेखन गर्ने निर्णय संचालक समितिले गरि अनुमोदनको लागि साधारण सभा समक्ष प्रस्तुत गर्नेछ र साधारण सभाको स्विकृती पश्चात मात्र अपलेखन गरिनेछ । अपलेखन गरिने

ऋणीको संस्थामा रहेको ऋण, बचत तथा शेयरको विवरणहरु बैठकको निर्णयमा संलग्न गरिनेछ ।

**३३. अपलेखन सम्बन्धि अन्य प्रकिया :**

१) ऋण विभागको कर्मचारीले कानूनी रुपमा सार्न मिल्ने ऋणीको वचत तथा शेयर ऋण असुलीका लागि सार्न सक्नेछन र लेखा विभागलाई अपलेखनका लागि सिफारिश गरिनेछ ।

२) ऋणी सदस्यले नियतवश ऋण नतिरी संस्थालाई नोक्सानीमा पुरयाउन खोजेको ठहर भएमा सो सदस्यलाई सहकारीका विविध सेवावाट वन्चित गराईनेछ ।

३) संस्थाको लेखा सुपरिवेक्षण समितिले सम्पूर्ण नयां अपलेखीत ऋणहरुको लेखा र गैर वासलात सूची (Off balance sheet) रेकर्ड (कालो सूचीको खाता)को समीक्षा गर्नु पर्नेछ ।

४) ऋण विभागले भाखा नाघेको तथा अपलेखन गरिएको ऋणको रेकर्ड व्यवस्थापन गर्नेछ । अपलेखन गरिएको ऋणको विस्तृत विवरण सहितको प्रतिवेदन संचालक समितिको बैठकमा मासिक रुपमा पेश गर्नेछ ।

५) ऋण विभागले संस्थामा रहेका भाखा नाघेको र अपलेखन गरेको ऋणसंग सम्बन्धित अन्य लेखा तथा रेकर्डहरुको कर्मचारी बैठकमा समेत समीक्षा गर्नु पर्नेछ ।

६) अपलेखन गरिएका ऋणहरुको विवरण आफू आवद्ध भएको माथिल्लो संघहरुलाई पठाइनेछ र त्यसको वोधार्थ सम्वन्धित सहकारी कार्यालयलाई पनि दिईनेछ ।

७) अपलेखन गरेको ऋण पूर्ण रुपमा भुक्तानी गरेमा संस्थाले रोक्का गरेको शेयर तथा बचत खाता फुकुवा गरिनेछ ।

**३४. अपलेखन गरिसकेपछिको कार्य (कियाकलाप):**

१) अपलेखन गरेको ऋणलाई संस्थाको वित्तिय विवरण (वासलात)मा उल्लेख गरिदैन । अपलेखन गरिएको ऋण (टाट पल्टिएको वाहेक) लाई असुल गर्नका लागि संस्थाको तर्फवाट ऋणी संग अझ बढि भेटघाट, ताकेता, कडा कारवाही अगाडि बढाईनेछ । कुनै असुली एजेन्सी, ऋण असुली न्यायाधिकरण वा अन्य न्यायिक अंग/कानून व्यवसायीलाई उठाउनको लागि जिम्मा समेत लगाउन सकिनेछ ।

**३५. अपलेखन गरिएको ऋणबाट प्राप्त आम्दानी :**

अपलेखन गरिएको ऋण असुल भएमा उक्त ऋणबाट (सांवा, व्याज, हर्जनासमेत) प्राप्त रकमलाई आम्दानी जनाइनेछ ।

**३६. सेवावाट वञ्चित :**

१. ऋण अपलेखन गरिएका ऋणीहरुलाई संस्थावाट प्रदान गरिने सम्पूर्ण सेवावाट बन्चित गरिनेछ ।

२. चालु वर्षमा अपलेखन गरिएका ऋणहरुको विवरण समावेश गरी वार्षिक लेखा परीक्षण प्रतिवेदनमा अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।

**३७. ऋण अपलेखनको रेकर्ड राख्नु पर्ने :**

१) अपलेखन गरिएको ऋणको अभिलेख राख्न छुट्टै एक ऋण अपलेखन अभिलेख पुस्तिकाको व्यवस्था गरी अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

२) प्रत्येक ऋण अपलेखन गर्दा सिरियल नम्बर कायम गरिनेछ ।

३) ऋण अपलेखन पुस्तिका निम्न विवरणहरु सहित अनिवार्य रुपमा तयार राखिनेछ ।

क. ऋण रकम र सोको ब्याज,

ख. ऋण अपलेखन गरिएको मिति,

ग. समितिको वैठक संख्या र निर्णय नं.,

घ. ऋणको लागि लिइएका सुरक्षणको विवरण,

ङ ऋणको स्वीकृतीको लागि सिफारिशकर्ताहरुको विवरण,

च. ऋण स्वीकृत गर्ने पदाधिकारी/हरुको नाम,

छ. ऋण असुलीका लागि सम्बन्धित कार्यालयबाट भए गरेका सम्पूर्ण काम कारवाहीको विवरण,

ज. ऋण असुल गर्न ऋणीसंग कुनै प्रकारको सहमति भएको भए सोको व्यहोरा,

झ ऋण अपलेखन गर्नु पर्ने औचित्य ।

ञ. ऋण अपलेखन सम्बन्धि निर्णय गर्न बसेको साधारण सभाको बैठकको मिति र निर्णय नं.

३८. **ऋण अपलेखन :**

ऋण अपलेखन गर्दा व्यवस्था गरिएको ऋण जोखिम व्यवस्था कोष खर्च लेखी गरिनेछ । यदि ऋण जोखिम कोष व्यवस्था नभएको अवस्थामा वा कम भएको अवस्थामा नाफा/नोक्सान हिसाबमा खर्च लेखी ऋण अपलेखन गरिनेछ ।

३९. **अपलेखन गरिएका ऋणको असुली :**

१. अपलेखन गरिएका ऋणहरु उपर संस्थाको दावी कायमै रहने हुँदा असुलीका लागि संस्थाले लिएको धितो, ऋणीको अन्य जायजेथाबाट लिनु पर्ने रकम असुल उपर गर्ने अधिकार सुरक्षित रहनेछ ।

२. वार्षिक, अर्धवार्षिक तथा त्रैमासिक कार्ययोजना अनुसार अपलेखित ऋणको असुली भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गरिनेछ ।

अपलेखन भइसकेका ऋणहरुको असुली प्रकृया यस कार्यबिधि, भाखा नाघेको ऋण र असुली कार्यबिधि तथा अन्य प्रचलित कानूनमा व्यवस्था गरिए बमोजिम गरिनेछ ।

३. अपलेखन गरिएका ऋणहरु असुलीको लागि संचालक समितिले विशेष कार्ययोजना बनाई असुलीको लागि कारवाही अगाडि बढाउनेछ ।

४. ऋण अपलेखन गर्दा विवरणमा उल्लेख गरिएको ब्याज तथा अन्य रकमलाई समेत असुलीको लागि उत्तिकै महत्वकासाथ योजना बनाईनेछ ।

४०. **कालो सूचीमा समावेश गरिने :**

१. अपलेखनमा परेका ऋणलाई ऋणीले ऋण भुक्तान नगरेसम्म कालो सूचीमा राखिनेछ ।

२. ऋणीले ऋण भुक्तानी गरेपश्चात कालोसूचीबाट निजको नाम हटाईनेछ । तर निजलाई कालो सुचीबाट हटाईएको १ वर्षभन्दा अगाडी कुनैपनि ऋणको कारोबार गरिनेछैन ।

४१. **गोपनीयता :**

१. ऋण अपलेखनका सम्बन्धमा भए गरेका काम कारवाहीको विवरण गोप्य राखिनेछ र सरोकारवाला (संस्थाको व्यवस्थापन, ऋण उपसमिति, संचालक समिति, लेखा सुपरिवेक्षण समिति, स्थानिय निकाय, नियामक निकाय र माथिल्ला संघहरु) बाहेक अन्यलाई जानकारी दिइने छैन ।

४२. **धितो लिलामीको व्यवस्था :**

संस्थाको खराव ऋण असुल उपर गर्न देहाय बमोजिम धितो लिलाम प्रक्रिया अपनाईनेछ ।

१. संस्थाबाट प्रथम ३५ दिने र दोस्रो २० दिने र तेस्रो ७ दिने ऋण बुझाउनेबारेको स्मरण पत्र पठाइने छ ।

२. उक्त मितिभित्र साँवा व्याज नबुझाएमा तीन पुस्ते सहित ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी सोको जानकारी सम्बन्धित ऋणी तथा धितो जमानत दिने व्यक्तिहरुलाई दिइनेछ ।

३. उक्त मितिभित्र पनि नबुझाएमा धितो लिलाम बढाबढ सम्बन्धि तीन पुस्ते, धितोको विवरण, धितो लिलाम बढाबढ हुने स्थान, समय सहित ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी तोकिएको म्यादभित्र पनि रकम नबुझाएमा ३६ औं दिनमा लिलामी बढाबढ गरिने व्यहोराको जानकारी सम्बन्धित ऋणीलाई दिई सहिछाप गराई लिइनेछ । ३६ औं दिनमा धितो लिलामी समितिको रोहवरमा तोकिएको समय र स्थानमा धितो लिलाम बढाबढ गरिनेछ र उक्त सदस्यलाई शेयर सदस्यताबाट निष्काशन गर्न सकिनेछ ।

४. ऋणीले आफ्नो जम्मा भएको बचत रकम धितो राखी ऋण लिएको भएमा त्यस्ता ऋणीले लिएको ऋण असुली गर्न जम्मा भएको शेयर तथा बचत रकमबाट ऋण कट्टा गरी असुली गरिनेछ ।

५. सदस्यले आफ्नो बचत रकमको धितो जमानीको आधारमा ऋण उपलब्ध गराएको छ भने त्यस्तो ऋणीले ऋण नतिरेमा जमानी बस्ने सदस्यको शेयर तथा बचत रकमबाट ऋण कट्टा गरी असुल उपर गरिनेछ ।

६. सवारी साधन ऋणको हकमा ३ किस्ता भन्दा बढि भाखा नाघेमा संस्थाले उक्त सवारी साधन नियन्त्रणमा लिई १५ दिनको सूचना दिई लिलाम बढाबढ गरि ऋण असुल उपर गरिनेछ ।

४३. **धितो लिलामी प्रक्रिया :**

१. ऋण असुल उपर गर्न संस्थालाई दिएको धितोको हालको अवस्था जाँचबुझ गरी ऋण उपसमिति र संस्थाका व्यवस्थापकले संस्थाले तोके बमोजिमको खाका अनुसार प्रतिवेदन र सूचिकृत मूल्यांकनकर्ताबाट वर्तमान मूल्यांकन प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२. ३५ दिने धितो लिलाम बढाबढ सम्बन्धि सार्वजनिक सूचना पठाएको लगत्तै ३६ औं दिनमै धितो लिलामी गर्नुपर्ने भएकोले सूचना प्रकाशित भएको भोलिपल्ट बाटै लिलामी उपसमितिको पदाधिकारीलाई लिलामी हुने दिन, स्थान र उपस्थिति सम्वन्धी जानकारी गराउनु पर्नेछ ।

४४. **धितो लिलामी उपसमितिको व्यवस्था :**

संस्थाबाट ऋण लिई सो साँवा व्याज रकम नतिर्ने शेयर सदस्यबाट संस्थाको रकम असुल उपर गर्न धितो लिलामी विक्री गरी असुल गर्नुपर्ने अवस्थामा निम्न सदस्य पदाधिकारी भएको धितो लिलामी उपसमिति व्यवस्था गरिनेछ ।

**सदस्यहरु**

१. संस्थाका संचालक समितिका अध्यक्ष - संयोजक
२. संस्थाका संचालक समितिका सचिव - सदस्य
३. संस्थाका ऋण उपसमितिका संयोजक - सदस्य
४. कानुनी सल्लाहकार - सदस्य

५. व्यवस्थापक - सदस्य सचिव

**प्रतिनिधिहरुः**

१. जिल्ला वा ईलाका प्रशासन कार्यालयका प्रतिनिधि - सदस्य

२. जिल्ला वा इलाका प्रहरी कार्यालयका प्रतिनिधि - सदस्य

३. जिल्ला वा क्षेत्रिय मालपोत/यातायात व्यवस्था कार्यालयका प्रतिनिधि - सदस्य

४. सम्बन्धित् न.पा. वा गा.पा. को सहकारी अधिकृत वा प्रतिनिधि - सदस्य

५. सम्वन्धित न.पा./गा.पा.का अध्यक्ष वा वडाध्यक्ष प्रतिनिधि - सदस्य

**४५. धितो लिलामी समितिको बैठक भत्ताः**

प्रत्येक धितो लिलामी उपसमितीको बैठक भत्ता र खाजा खर्च संस्थाको आर्थिक तथा प्रशासनिक नियमावली अनुसार उपलब्ध गराइनेछ।

**४६. लिलामी खर्च :**

धितो लिलामी सूचना प्रकाशित गर्दाको खर्च तथा लिलामी सम्वन्धी अन्य सम्पूर्ण खर्च सम्वन्धित ऋणीहरुले नै दामासाहीले बेहोर्नुपर्नेछ।

**४७. पंचकृति मूल्य कायम गर्ने :**

धितो लिलामी प्रक्रियाको लागि संस्थाले कम्तीमा एकजना कर्मचारी सहितको टोलीलाई डोर खटाई धितो रहेको सम्बन्धित स्थानमा गई स्थानीय भद्रभलाद्मी, जनप्रतिनिधि, स्थानीय निकायका प्रतिनिधि र स्थानीय वासिन्दाहरुको भेला गराई सो धितोको पन्चकृति मूल्य कायम गर्नुपर्नेछ। कायम गरिएको पंचकृति मूल्य माथि उल्लेखित कम्तीमा ३ जना व्यक्तिहरुको साक्षी रोहवरमा दस्तखत गराई संस्थाले निर्माण गरे बमोमिजको मूचुल्का तयार गरिनेछ। कायम गरिएको पंचकृति मूल्य सरकारी मूल्यभन्दा कम हुनु हुने छैन। उक्त मूचुल्कामा तोकिएको मूल्य नै लिलाम बढाबढको डाक मूल्य कायम हुनेछ।

**४८. लिलाम बढाबढमा जम्मा गर्नुपर्ने रकमः**

क. धितो लिलाम बढाबढमा आफुले कबुल गरेको मूल्यको १०% धरौटी सोही दिनमा दाखिला गर्नेपर्नेछ र बाँकी रकम ७ (सात) दिनभित्र बुझाउनुपर्नेछ। नबुझाएमा धरौटी रकम जफत गरिनेछ।

ख. धितो लिलाम बढाबढमा सबैभन्दा बढी मूल्यमा सकार गर्ने व्यक्तिलाई धितोको नामसारी गरिनेछ।

ग. सम्वन्धित समूहको कुनै अन्य सदस्यले बढाबढ सकार गर्न चाहेमा र निजसँग धितो सकार गर्न रकम नभएमा संस्थाले ऋण उपलब्ध गराएर पनि धितो सकार गर्न मद्दत पुऱ्याउनेछ।

**४९. धितो संस्थाले सकार गर्न सक्ने :**

धितो लिलाम बढाबढमा कोही धितो सकार गर्न नआएमा लिलाम उपसमितिको रोहवरमा उक्त धितो संस्था आफैले सकार गर्न सक्नेछ। संस्थाले सकार गरेको धितो बोलकबोल वा टेण्डरबाट विक्री गर्न सक्नेछ।

**५०. धितो फिर्ता दिने सम्बन्धि व्यवस्था :**

१. संस्थाले धितो सकार गरेको खण्डमा ऋणीलाई सकार गरेको सूचना ७ दिनभित्र दिइनेछ र ऋणीले सूचना प्राप्त मितिले ६ महिना भित्र आफूले तिर्नु बुझाउनुपर्ने सावाँ र अघिल्लो दिन सम्मको ब्याज हर्जना र लिलाम प्रक्रिया संग सम्बन्धित् खर्च समेत चुक्ता गरि फिर्ता लिन चाहेमा उक्त धितो निज वा निजले तोकिएको व्यक्तिलाई फिर्ता दिन सक्नेछ ।

२. ऋणीले घर जग्गा फिर्ता गर्दा मालपोत कार्यालयमा रजिष्ट्रेशन गर्नु परेमा सम्पूर्ण खर्च स्वयं ऋणीले बेहोर्नुपर्नेछ ।

**५१. धितो संस्थाको नाममा नामसारी (दाखिला खारेज) गर्नुपर्ने :**

संस्थाले सकार गरेको घरजग्गा दा.खा. गरी संस्थाको नाममा नामसारी गरी गैह्र बैकिङ्ग सम्पत्ति हिसावमा राख्नु पर्नेछ । संस्थाको नाममा दर्ता भएको गैह्र बैकिङ्ग सम्पत्ति आवश्यकता हेरी संस्थाले रेखदेख र संरक्षण गर्ने गरी जिम्मा दिई भोग चलन गर्न लगाइनेछ ।

**५२. संस्थाको गैह्र बैकिङ्ग सम्पत्ति विक्री गर्ने व्यवस्था :**

लिलाम सकारबाट संस्थाको स्वामित्वमा आएको घर जग्गा बिक्री संस्थाको आर्थिक प्रशासन आन्तरिक कार्यविधी अनुसार बढीमा २ वर्षभित्र गरीसक्नु पर्नेछ ।

## परिच्छेद ९
## विविध

**५३. बाधा अड्काउ फुकाउने र व्याख्या गर्ने अधिकार:**

यस नीतिको कार्यान्वयन गर्ने क्रममा कुनै किसिमको द्विविधा वा वाधा अड्काउ आइपरेमा सोको व्याख्या गर्ने र वाधा अडकाउ फुकाउने अन्तिम अधिकार संचालक समितिलाई हुनेछ । यसका अलावा यस कार्यविधीमा संलग्न अनुसूचीहरुमा समय सापेक्ष हेरफेर गर्ने अधिकार समेत संस्थाको संचालक समितिलाई रहनेछ ।

**५४. स्वतः निष्कृय हुने :**

यस नीतिका ब्यवस्थाहरु सहकारी ऐन, नियमावली, सहकारी बिभाग वा सहकारी नियमन प्राधिकरणद्धारा जारी मापदण्ड, सो अन्तर्गत बनेका वा जारी गरिएका नियम विनियम वा जारी भएका निर्देशिकाको ब्यवस्थाहरुसंग बाझिएमा बाझिएको हद सम्म स्वतः निष्कृय हुनेछ ।

**५५. खारेजी र बचाउ :**

यो कार्यविधी जारी भएपछि कर्जा लगानी तथा असूली आन्तरिक कार्यविधी २०७७ खारेज हुनेछ । सो नीति अनुरुप हालसम्म भएका काम कारवाहीहरु यसै कार्यविधी अनुरुप भएको मानिनेछ ।

समाप्त

यस कार्यविधिको (प्रथम संशोधन) मस्यौदा मिति २०८२/०९/१२ मा सम्पन्न संस्थाको २८ औं बार्षिक साधारणसभाको निर्णय नं. १० बाट पारित गरि लागु गरिएको छ ।

## अनूसूची १

## ऋण माग फारम

श्री नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. मितिः.................

...............................

विषयः ऋण उपलब्ध गराई पाउँ ।

महोदय,

उक्त विषयमा म यस संस्थाको सदस्यता नं.......... को सदस्य भएकोले र आजको मितिसम्म मासिक नियमित वचत गरिरहेको छु । हाल मलाई ............. कार्य गर्नको निमित्त रु ....................। ( अक्षरेपि.............................................) ऋण आवस्यक परेकोले निम्नानुसारको धितो तथा जमानिमा संस्थाको नियम अनुसार ऋण उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु ।

१) ऋण माग गर्ने सदस्यको विवरण

नामः सम्पर्क नं.:

ठेगानाः पेशाः

